आर्थिक अभियान

## सान्जेन जलविद्युत कम्पनी लिमिटेड

महाराजगंज, काठमाडौं ।

## नवौं वार्षिक साधारण सभा सम्बन्धी सूचना ।

(पुनः प्रकाशित मिति: २०७६/०८/३०)

यस कम्पनीको मिति २०७६/०८/२७ गते स्मार्ट क्याफे, धुम्बाराही, काठमाडौंमा बसेको कम्पनीको नवौं साधारण सभामा कम्पनीको नियमावलीमा भएको प्रावधान बमोजिम ६७% शेयरधनीको उपस्थिति हुन नसकेका कारण स्थगित हुन गएकोले कम्पनीको मिति २०७६/०८/२९ गते बसेको संचालक समितिको १९४औं बैठकको निर्णयानुसार निम्न मिति, समय र स्थानमा निम्न विषय -सूचीमा छलफल एवं निर्णय गर्न यस कम्पनीको नवौं वार्षिक साधारण सभा बस्ने भएकोले शेयरधनी स्वयं उपस्थित हुन वा रीतपूर्वक प्रतिनिधि मुकरर गरी पठाई दिनु हुन सबै शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धी थप जानकारी www.sjcl.com.np मा हेर्न सकिने छ।

**साधारण सभा हुने स्थान, मिति र समय:**

**मिति:** २०७६/०९/१६ गते बुधबार (तदानुसार जनवरी ०१, २०२०)
**स्थान:** स्मार्ट क्याफे, धुम्बाराही, काठमाडौंको सभाहल।
**समय:** बिहान ११:०० बजे।
**शेयर दाखिला खारेज हुने मिति:** २०७६/०९/०८ देखि २०७६/०९/१६ गते सम्म।

**साधारण सभामा छलफल हुने विषय-सूची:**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा आर्थिक वर्ष २०७५/०७६ को वार्षिक प्रतिवेदनको प्रस्तुति र सो को स्वीकृति।

२ आर्थिक वर्ष २०७५/०७६ को लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ आषाढ मसान्तको वासलात र आर्थिक वर्ष २०७५/०७६ को नाफा/(नोक्सान) हिसाव तथा नगद (प्रवाह विवरण सहितका वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने।

३. आर्थिक वर्ष २०७६/०७७ का लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण।

**४. विशेष प्रस्ताव:**

कम्पनीको प्रवन्ध-पत्र तथा नियमावली संशोधन सम्बन्धमा।

५. विविध

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव